**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः १० जून २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- ओबीसी को श्रेणीमा सामेल हुने एक मात्रै मापदंड सामाजिक अनि आर्थिक पछाडीपन हो, उनीहरु धर्म होइन भनी मुख्यमन्त्री ममता बनर्जीले बताउनु भएको छ।
- मुख्यमन्त्रीले ओबीसीमाथि दिएको बयानलाई लिएर विपक्षी भाजपा विधायकहरुले तीव्र विरोध जताउदै सदनबाट वाकआउट गरेको छ।
- पश्चिम बङ्गाल बिधान सभामा आज 'अपरेशन सिन्दूर' बारे चर्चा भयो।
- मच्छरबाट हुने विभिन्न रोगहरुबाट बाँच्नलाई खरसाङ नगरपालिकाको तर्फबाट घर घर पुगेर सर्वे गर्ने साथै सर सफाई गर्ने कार्य शुरू गरिएको छ।
- उत्तर बंगालमा यस हप्ता हल्कादेखि मध्यम वर्षा जारी रहने अनुमान मौसम बिभागले गरेको छ ।

**मुख्यमंत्री ममता बनर्जी ओबीसी**

पश्चिम बंगालको मुख्यमंत्री ममता बनर्जीले आज विधानसभामा राज्यमा अन्य पछाडिएको वर्ग (ओबीसी) को श्रेणीमा सामेल हुने एक मात्रै मापदंड सामाजिक अनि आर्थिक पछाडीपन हो, उनीहरु धर्म होइन भनी बताउनु भएको छ। उहाँको बयान यसकारण महत्वपूर्ण छ किनभने 2011 मा उहाँ सत्तामा आएपछि 2025 सम्म बनेका सबै ओबीसी सर्टिफिकेटलाई हाई कोर्टले रद्द गरिदिएको छ। आरोप छ कि ममता बनर्जीको सरकार आएपछि ओबीसी सर्टिफिकेट केवल मुस्लिम समुदायका मानिसहरुको बनाइएको थियो, जबकि यस कैटेगरीमा पर्ने पछाडिएको बंगाली हिंदुहरुले पूर्ण रुपमा किनारा गरिएको थियो। मुख्यमंत्रीले सोशल मीडियामा ओबीसी आरक्षणलाई लिएर भ्रामक प्रचारको आरोप लगाउदै भन्नुभयो, केहि मानिसहरुले जानीबुझी धार्मिक आधारलाई मुद्दा बनाइ रहेको छ, जबकि वास्तविकता यसको ठिक उल्टा छ । उहाँले दोहोर्यउनु भयो कि राज्य सरकारद्वारा गठित आयोगद्वारा वैज्ञानिक पद्धतिले सर्वेक्षण गरी ओबीसी श्रेणीमा सामेल गरिएको हो। मुख्यमंत्रीले राज्यमा हालसम्म ओबीसी-ए श्रेणीमा 49 उपवर्ग अनि ओबीसी-बी श्रेणीमा 91 उपवर्गलाई सामेल गरिएको जानकारी दिनु भयो ।

**भाजपा विधायक**

मुख्यमंत्री ममता बनर्जीद्वारा ओबीसी सर्वेक्षणलाई लिएर दिएको बयानमाथि विपक्षी भाजपा विधायकहरुले तीव्र विरोध जताउदै सदनबाट वाकआउट गरेको छ। भाजपा विधायकहरुले आरोप लगाएको छ कि मुख्यमंत्रीले भ्रामक जानकारी दिइ रहेको छ। विपक्षी विधायकहरुले नेता प्रतिपक्ष शुभेंदु अधिकारीलाई मुख्यमंत्रीको बयानमाथि जवाब दिने मौकाको गरे तर अध्यक्ष बिमान बनर्जीले अनुमति दिएनन जसको फलस्वरुप भाजपा विधायकहरुले सदनबाट वाकआउट गर्यो।

**बिधान सभा 'अपरेशन सिन्दूर'**

पश्चिम बङ्गाल बिधान सभामा आज 'अपरेशन सिन्दूर' बारे चर्चा भयो। यस अपरेशनको प्रशंसा गर्दै शिक्षामन्त्री ब्रात्य बसुले यसको श्रेय पूर्णतया भारतीय सेनालाई दिनुभयो।विधानसभा अध्यक्ष विमान बनर्जीले यस अपरेशनको बारेमा भारतीय

सेनाको बहादुरीलाई अभिवादन गर्ने प्रस्ताव प्रस्तुत गर्नुभयो, जसमा छलफलको क्रममा ब्रात्य बसुले अपरेशन सिन्दूर कुनै राजनीतिक दलको उपलब्धि नभएको, यो पूर्णतया भारतीय सेनाको साहसीक उपलब्धि हो भनि बताउनुभयो। यसैक्रममा श्री बसुले पहलगाम आक्रमणको सम्बन्धमा गुप्तचर निकायहरूको असफलतामाथि लक्षित गर्दै प्रश्न उठाउँनु भयो भने विपक्षी दलका नेता शुभेन्दु अधिकारीले उहाँको भनाइको कडा विरोध गर्नुभयो।अकोतिर भाजपाका विधायकहरूले प्रस्तावमा 'अपरेशन सिन्दूर' नाम किन स्पष्ट रूपमा उल्लेख गरिएको छैन भन्ने विषयमा पनि विरोध जनाए।

## स्पेशल फिचर

"पछिछल्लो एक दशकमा, भारतले आफ्नो सुरक्षा नीतिलाई स्पष्टता, दृढ संकल्प र आत्मविश्वासका साथ परिभाषित गरेको छ। 2016 को सर्जिकल स्ट्राइकदेखि 2025 मा अपरेशन सिन्दूरसम्म, सन्देश स्पष्ट छ। भारतले आफ्नो राष्ट्रिय सुरक्षाका लागि खतराहरू सहन गर्ने छैन। अपरेशन सिन्दूर आतंकवाद विरोधी प्रतिक्रियामा एक महत्वपूर्ण क्षण थियो।"एक सटीक, समन्वित मिशन, जसमा देशका वीर सैनिकहरूले सीमापारि नौ आतंकी शिविरहरूलाई ध्वस्त पारे जुन पहलगाम आतंकी हमलाको एक तत्पर र निर्णायक प्रतिक्रिया साबित भयो। यसको सफलतामा स्वदेशी विनिर्माणले प्रमुख भूमिका खेलेको थियो। आईएनएस विक्रान्त देखि  लिएर लामो उचाइमा पुग्ने लाइट कम्बैट हेलिकप्टर एलसीएच प्रचण्डसम्म, भारतले आत्मविश्वासका साथ डिजाइन र तैनाथी गरिरहेको छ। साथै, आईडीईएक्स, स्टार्टअप र एमएसएमई जस्ता पहलहरूले अत्याधुनिक समाधानहरू प्रदान गरेर भारतीय सुरक्षा बलहरूलाई  अधिक सशक्त बनाइरहेका छन्।यस अतिरिक्त,, रक्षा निर्यात बढेर रिकर्ड 23 हजार 622 करोड़ रुपियाँ पुगेको छ, जुन 2014 यता 34 गुणा बढी हो। 5 हजार भन्दा बढी वस्तुहरू अब सकारात्मक स्वदेशीकरण सूचीमा शामिल छन् र चालू वित्त वर्षमा, रक्षा पूँजी अधिग्रहणको 75 प्रतिशत बजट घरेलु उत्पादनको लागि निर्धारित गरिएको छ।अग्रपंक्तिदेखि कारखानासम्म, युद्धभूमिदेखि बोर्डरूमसम्म, भारतले एउटा नयाँ युगको सुरुवात गरिरहेको छ जहाँ सुरक्षा नै बल हो र आत्मनिर्भरता उसको ढाल हो।

## काफेबारी अग्निकाण्डका पीडित

खरसाङको काफेबारी, गोदामधुरा क्षेत्रमा गत १५ मई २०२५ को दिन मा भएको आगलागीबाट प्रभावित पाँच परिवारले आफ्नो मुख्य दस्तावेजको  प्रतिलिपि पुनःप्राप्ति गर्न सफल भएका छन्।  जीटीए मुख्य कार्यपाल अनित थापाको पहलमा अग्नि पीडितहरुको पुनर्वासको जिम्मेवारी दिवस छेत्रीलाई सुम्पिएको थियो।  जस अनुरूप महकुमा प्रशासन, जीटीए, तथा विभागीय अधिकारीहरूबीच समन्वय बैठक बसेर राहत प्रक्रियालाई अघि बढाइएको थियो भने आज अग्नि पीडितहरुले उक्त कागजातको प्रतिलिपिहरु प्राप्त गरे।

## खरसाङ नगरपालिका

मच्छरबाट हुने विभिन्न रोगहरुबाट बाँच्नलाई खरसाङ नगरपालिकाको तर्फबाट घर घर पुगेर सर्वे गर्ने साथै सर सफाई गर्ने कार्य शुरू गरिएको छ। यस कार्यको लागि खरसाङ नगरपालिकाको भिक्टर कन्ट्रोल टिमले घर घर पुगेर सर्वे गर्दै मानिसहरुलाई सचेतना गराउने कार्य थालेको छ भने आजदेखि भीसीटी टिमलाई पनि विभिन्न स्थानहरुमा सर सफाईको लागि पठाइएको छ। उक्त टिमलाई खरसाङ नगरपालिकाको भाइस चेयरम्यान सुवास प्रधान र सभासद श्याम शेर्पा र अन्यको बाहुलीबाट ड्रेस पनि वितरण गरिएको छ। यस भीसीटी टिमले विभिन्न स्थानहरुमा पुगेर मलेरिया र अन्य रोगहरुबाट बाँच्नलाई सर सफाई गर्ने कार्य गर्ने भएको छ। यस विषयमा पत्रकारहरुसित कुराकानी गर्दै खरसाङ नगरपालिकाको सेनीटेरी इन्स्पेक्टर रमेश सुब्बाले  विस्तृत जानकारी गराएका छन्।

## दार्जीलिङ्ग भित्ते चित्र

दार्जीलिङ नगरपालिकाको सहयोगमा दार्जीलिङको क्लब साइड नजिकमा बनिएको भित्ते चित्रकला पुननिर्माण गरिने चित्रकार रमेश थामीले बताउनु भएर्को छ। पर्यटक अनि स्थानियहरुको निम्ति आकर्षणको केन्द्र बन्दै सेल्फी पोइन्ट नै बनिसकेको

उक्त स्थानका चित्रहरुको रंग उडेको देखेपछि चित्रकार रमेश थामीले उक्त चित्रकलालाई खोपेर नयाँ रुप दिने बताएको छ। रमेश थामीको यस पहलले दार्जीलिङ्गको गरिमा साथै संस्कृतिलाई विश्व सामु ल्याउने दार्जिलिङ नगरपालिका अध्यक्ष दिपेन ठकुरीले बताउँनु भएको छ।

## "स्वच्छ बोङ-निर्मल बोङ"

स्वच्छ भारत अभियानलाई प्रभावकारी बनाउन बोङ ग्राम पञ्चायतको अगुवाइमा ग्राम पञ्चायत अन्तर्गत रहेका सामाजिक सङ्घ-संस्थाका प्रतिनिधिहरूसँग एक महत्वपूर्ण सभा आज सम्पन्न भयो। कालेबुङ-१ खण्ड अन्तर्गत बोङ ग्राम पञ्चायत भवनमा आयोजित सभामा पञ्चायत सहायक सञ्जय लामाले ग्राम पञ्चायतले अघि सारेको स्वच्छ बोङ-निर्मल बोङ अर्थात सफा अनि प्लास्टिकमुक्त बोङको परिकल्पना बारे जानकारी गराउनु भयो। यसरी नै स्थानीय पञ्चायत समिति सदस्य तथा कर्माध्यक्ष रोशन दाहालले आफ्नो मन्तव्य राख्दै स्वच्छ, शान्त र हरित गाउँ निर्माणमा प्रत्येक व्यक्तिको सक्रिय सहभागिता अनिवार्य रहेको धारणा राख्नु भयो।

## मौसम

उत्तर बंगालमा मनसुन शुरु भइसकेको छ र यस हप्ता पनि यहाँ हल्कादेखि मध्यम वर्षा जारी रहने अनुमान मौसम बिभागको छ । हाल, भारी वर्षाको कुनै चेतावनी जारी गरिएको छैन र तापक्रम स्थिर रहने अपेक्षा गरिएको छ। अर्कोतिर कोलकाता र दक्षिण बंगालमा तीव्र गर्मी र आर्द्रताले जनजीवन प्रभावित भइरहेको छ। यद्यपि, यो आर्द्रताका बीचमा मौसम विभागले बुधबारदेखि दक्षिण बंगालमा वर्षा सुरु हुन सक्ने, जसका कारण मौसममा राहत हुने अपेक्षा गरिएको जानकारी दिएको छ ।

****** ० ******